जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीज्यूको अध्यक्षतामा आज मिति २०७८/०९/२८ गते बुधवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, लालबाबु कवारी, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

प्रहरी उपरीक्षक, श्री अर्जुन प्रसाद तिमिल्सिना , जिल्ला प्रहरी कार्यालय, सिरहा , सदस्य

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा, सदस्य

उप.अनु. नि. , श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा, सदस्य

सेनानी, श्री रबिन कार्की, श्री शेर गण चोहर्वा, सिरहा, सदस्य

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा, सदस्य

मे.सु., श्री डा. नागेन्द्र प्रसाद यादव, प्रादेशिक अस्पताल सिरहा, सदस्य सचिव

**आमन्त्रित:**

समन्वय उप प्रमुख, श्री सरोज कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

स्वास्थ्य प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा

सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी; सिरहा शाखा, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा

## जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) सिरहाको बैठक मिति २०७८/०९/२८ गते।

### बैठकको कारवाही एवम् निर्णय

१. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १४४२ मिति २०७८/०९/२६ को पत्रानुसार पछिल्लो समयमा कोभिड-१९ तीव्र रुपमा फैलिरहेको अवस्थालाई दृष्टिगत गरी सो को रोकथाम तथा नियन्त्रण गर्ने सम्वन्धमा कोभिड -१९ संकट व्यवस्थापन समन्वय केन्द्रको मिति २०७८/०९/२५ को बैठकबाट भएको निर्देशन सम्वन्धी बैठकमा अवगत भयो। यस सम्वन्धमा निर्देशन बमोजिम कडाईका साथ पालना गराउने।

देहाय :

क) सार्वजनिक स्थलमा सबै प्रकारका राजनीतिक, तथा धेरै जना उपस्थित हुने गरी प्रशासनीक, सामाजिक एवम् त्यही प्रकृतिको कार्यक्रम नगर्ने नगराउने। अत्यावश्यक नियमित कार्यक्रमको हकमा स्थानीय प्रशासनको अनुमति लिएर गर्ने व्यवस्था मिलाउने। अर्को सूचना नभएसम्म सार्वजनिक स्थलहरुमा २५ जनाभन्दा बढी भेला हुने गरी मेला, भेला तथा महोत्सवहरु आयोजना नगर्ने नगराउने। यस कार्यमा सबै राजनीतिक दल, संघ संस्था, निकायले सहयोग गर्ने।

ख) सार्वजनिक स्थानहरुमा (कार्यालय, होटल, रेष्टुरेण्ट, रंगशाला, पार्क आदि) प्रवेश गर्दा अनिवार्य रुपमा कोभिड विरुद्धको खोप लगाएको कार्ड (मोवाइलमा फोटो भए पनि हुने) साथमा राख्ने र सम्वन्धित निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था मिलाउने गरी यही माघ ७ गते देखि लागु गर्ने।

ग) नाकामा रहेका हेल्प डेस्कहरुबाट भई रहेको एन्टिजेन परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउने र त्यस्तो परीक्षणबाट संक्रमित देखिएकाहरुलाई तत्काल संस्थागत आईसोलेसन (होल्डिङ्ग सेन्टर, होटल आदी) मा राख्न सम्वन्धित पालिकाले व्यवस्था मिलाउने। यस कार्यमा आवश्यक स्वास्थ्य सहयोग प्रादेशिक अस्पताल सिरहा र सुरक्षा सहयोग सुरक्षा निकायले गर्ने।

घ) जिल्लाका सबै स्थानीय तहहरुले सार्वजनिक स्थानहरुमा निशुल्क एन्टिजेन टेस्ट वुथहरु स्थापना गर्ने र नियमित खोप केन्द्रहरुमा खोपलाई अभियान कै रुपमा अगाडी बढाउने। यस कार्यमा स्वास्थ्य कार्यालय सिरहाले आवश्यक सहजीकरण गर्ने।

२. मिति २०७८/०९/२६ गतेको नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना बमोजिम हालैका दिनहरुमा कोभिड-१९ को संक्रमण तीव्र रुपमा फैलिरहेको अवस्थालाई दृष्टिगत गरी कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMC) को मिति २०७८/०९/२५ को सिफारिस तथा मन्त्रालयको मिति २०७८/०९/२६ को निर्णयानुसार देहाय बमोजिम गर्ने गराउने सम्वन्धी सवैको जानकारीको लागी जारी भएको सूचनाको व्यहोरा बैठकमा अवगत भयो। यस सम्वन्धमा सबै स्थानीय तहहरु तथा सरोकारवालाहरुले कडाईका सथा पालन गर्ने गराउने।

क) देशभरका सवै आधारभुत तथा माध्यमिक विद्यालयहरुले वार्षिक बिदामा मिलान हुने गरी यही २०७८ पौष २७ गते देखि २०७८ माघ १५ सम्म बिदा दिने। बिदाको अबधिमा सिकाई सहजीकरण निर्देशिका २०७७ ले गरेको व्यवस्था बमोजिम विद्यार्थीको सिकाईमा आवश्यक सहजीकरण गर्ने।

ख) बिदाको अवधिमा विद्यालयका प्रधानाध्यापकले स्थानीय तहमा रहेको स्वास्थ्य चौकीसँग सम्पर्क गरी १२ वर्ष देखि १७ वर्ष उमेर समुहका विद्यार्थीहरुलाई कोही पनि नछुट्ने गरी खोप लगाउने अभियानमा आवश्यक समन्वय र सहजीकरण गर्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिराहा

ग) १८ वर्ष उमेर समूह र सो भन्दा माथिका सबै उमेर समूहका पूर्ण खोप लगाउन बाँकी विद्यार्थी शिक्षक शिक्षण संस्थाका कर्मचारी तथा अभिभावकहरुले खोपका लागि स्थानीय तहमा रहेको स्वास्थ्य चौकीमा सम्पर्क गर्ने।

घ) विश्वविद्याय र शैक्षिक प्रतिष्ठानका पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाहरु जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरु पालना हुने गरी जेड आकारमा बसाई व्यवस्था गरी संचालन गर्ने। परीक्षा केन्द्रमा मास्क र स्यानीटाईजरको प्रयोग अनिवार्य गर्ने र भौतिक दुरीको प्रावधान कडाईका साथ परिपालन गर्ने।

ङ) माघ ७ गते देखि शिक्षण संस्थामा प्रवेश गर्ने सबैले खोप कार्ड अनिवार्य रुपमा साथमा राख्ने प्रवन्ध सम्वन्धित शिक्षण संस्थाले मिलाउने।

च) सबै शिक्षण संस्थाहरुले अर्को सूचना जारी नभएसम्म अभिभावक दिवस वा वार्षिक उत्सव जस्ता सार्वजनिक सामारोहको कार्यक्रमहरु आयोजना नगर्ने।

छ) यस पटकको २०७८ माघ १ गते मनाईने राष्ट्रिय योग दिवस " सर्वाङ्गीन विकासका लागि योग " भन्ने नाराका साथ सार्वजनिक भेला वा समारोह नगरी भर्चुअल माध्यमबाट मनाउने। साथै २०७८ माघ २ गतेको राष्ट्रिय भुकम्प दिवस समेत सोही बमोजिम भर्चुअल माध्यमबाट मनाउने।

३. सार्वजनिक संघ संस्था/ निकाय/स्थलहरुमा अनिवार्य रुपमा मास्क लगाउनु पर्ने, मास्क नलगाएको पाईएमा संक्रामक रोग ऐन, २०२० अनुसार कारवही गर्ने। यस कार्यमा सुरक्षा निकाय एवं सरोकारवाल सबैले सहयोग गर्ने।

४. सार्वजनिक यतायातमा सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, तोकिएको भन्दा बढी भाडा नलिने र जनस्वास्थ्य सुरक्षाको मापदण्ड सवारी चालक, सह चालक एवं यात्री समेतले अवलम्वन गरेको हुनु पर्ने। यस कार्यमा जिल्ला ट्राफिक प्रहरीले आवश्यक सहयोग गर्ने।

५. सिरहा जिल्लाको माडर नाका र ठाडी नाकाको प्रवेश विन्दुमा होल्डिङ्ग सेन्टर संचालन एवं व्यवस्थापनको लागि आवश्यक टेन्ट जिल्ला प्रशासन बाट र आवश्यक बेड प्रादेशिक अस्पताल सिरहा बाट व्यवस्था मिलाउने।

६. सिरहा जिल्लामा कोभिड -१९ को संक्रमण एवम् व्यवस्थापन सम्वन्धी देहायको अवस्थाबारे बैठकमा अवगत भयो।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्लामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | दोस्रो चरणमा मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | बेड संख्या | HDU बेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | १४ | ० | १६२५ | १०९ | ० | ९ | ७१९४ | ० | ० | ० | ९ | ० | ० | ० | ० | ० | १५ | ८५७ | ३० | ४४ | १२ | २०५ |

प्रमुख जिल्ला अधिकारी